# समाहित शिक्षा कार्यक्रमको प्रभावकारिता

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह (एम.एड.)**
**शैक्षिक योजना र व्यवस्थापन विषयको आंशिक आवश्यकता**
**परिपूर्तिका लागि प्रस्तुत**

## शोध पत्र


**शोधार्थी**

मोहनकुमार गौतम
एम.एड. दोस्रो वर्ष
परीक्षा रोल्न २१४००९१/०६३/०६४
त्रि.वि.वि. दर्ता नं. १३८४३-८९
क्याम्पस रोल नं. २९६-०६३/०६४

**शैक्षिक योजना तथा व्यवस्थापन विभाग**
**सुकुना वहुमुखी क्याम्पस**
**इन्द्रपुर, मोरङ**


**असार, २०६८**

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तरगत स्नातकोत्तर तह द्रितीय वर्षको शैक्षिक योजना तथा व्यवसथापन विषयको आंशिक आवश्यकता पुरा गर्ने प्रयोजनका लागि **समाहित शिक्षा कार्यक्रमको प्रभावकारिता** शीर्षकमा यो शोधपत्र तयार पारिएको हो। शोध प्रस्ताव स्वीकृत गरी शोध कार्य गर्ने अवसर प्रदान गरेकोमा शैक्षिक योजना तथा व्यवस्थापन विभाग सुकुना बहुमुखी क्याम्पस प्रति हार्दिक आभार व्यक्त गर्दछु।

शोध कार्यको प्रस्तावना देखि शोधपत्रको अन्तिम लेखाई सम्म आवश्यक सुझाव, सल्लाह, निर्देशन तथा प्रोत्साहन प्रदान गर्नुहुने आदारणीय गुरुज्युहरू विभागीय प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठ, शोध निर्देशक श्री अशोक बस्नेत तथा शिक्षक श्री भोजराज घिमिरेज्युप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोध कार्यको क्रममा तथ्यांक संकलनमा सहयोग पुऱ्याउनु हुने सम्बन्धित विद्यालयका प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक, जि.शि.का. मोरङका टंक गौतम, अपाङ्ग महासंघका उत्तम शिवाकोटी, सि.बि.आर. मोरङका नन्दलाल बास्तोला, विद्यार्थी तथा शोध कार्यमा हरतरहको सुविधा पुऱ्याउने सहृदयी जिवनसंगिनी पार्वता गौतम र छोराछारीहरू,शम्भु, नुरेना र नविनासाथै महेन्द्र उ.मा.वि. इटहराका प्र.अ. ज्ञानेन्द्रप्रसाद भट्टराई साथै  संवद्ध सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

शोधपत्र कम्प्युटर टाइप गरी आवश्यक साजसज्जा दिएर सहयोग गर्नुहुने श्री कृष्णउदाशीलाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

मोहनकुमार गौतम<br>
सुकुना बहुमुखी क्याम्पस<br>
इन्द्रपुर-४, मोरङ

# शोध सार

यो शोधपत्र **समाहित शिक्षा कार्यक्रमको प्रभावकारिता** शीर्षकमा विश्लेषण गरी तयार गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्यहरूमा समाहित शिक्षा कार्यक्रमहरूको प्रभावकारिता पहिचान गर्ने, समाहित शिक्षा कार्यक्रमको प्रयोगको अवस्था पत्ता लगाउने, समाहित शिक्षा कार्यक्रमकको व्यवस्थापनको अवस्था विश्लेषण गरी समाहित शिक्षा कार्यक्रमका बाधाहरू पत्ता लगाई सुधार ल्याउने उपायहरू सुझाउने रहेको छ। प्रस्तुत अध्ययानलाई प्रष्ट गर्न विभिन्न अनुसन्धानात्मक प्रश्नहरू निर्माण गरी सोही प्रश्नहरूमा अध्ययनलाई केन्द्रित गरिएको छ। यस अध्ययनबाट प्राप्त निष्कर्षले वास्तविक अवस्थाको जानकारी हुने शैक्षिक सुधारका उपायहरू अपनाउने सरोकार वालहरूलाई महत्वपूर्ण आधार प्रदान गर्ने शैक्षिक योजनाकारहरूलाई आवश्यक व्यवस्थापन गर्न आधार निर्माण गर्ने कार्यमा महत्वपूण सहयोग प्रदान गर्नुका साथै भविष्यमा यस विषयमा थप निर्माण गर्ने आधार प्रदान गनुका साथै भविष्यमा पनि यस विषयमा थप जानकारी लिन चाहने व्यक्तिहरूलाई आवश्यक सहयोग पुग्ने भएकोले यो अध्ययन औचित्यपूर्ण ठानिएको छ।

यस अनुसन्धानको अनुसन्धानात्मक ढाँचाको रुपमा गुणात्मक र परिमाणात्मक विषयलाई समेटिएको छ । अध्ययनमा प्राथमिक स्रोतका रुपमा प्रश्नावली, अन्तवार्ता सूची, विद्यालय सर्वेक्षण फारम, अभिलेख अध्ययन जस्ता साधनको प्रयोग गरिएको छ भने द्वितीय स्रोतको रुपमा विद्यालयको शैक्षिक तथ्याङ्क, शैक्षिक बुलेटिन, योजनाहरू, पत्रपत्रिका, प्रतिबेदन, पुस्तक, लेख रचना शोधपत्र आदिको माध्यमबाट तथ्यांक संकलन गरिएको छ। अध्ययनमा उत्तरदाताहरूको रुपमा प्र.अ., शिक्षक, विद्यार्थी, व्यवस्थापन समितिका अध्यक्षहरू, जि.शि.का.मोरङ, सि.बि.आर. मोरङ, अपाङ्ग महासंघमोरङ रहेका छन्। अध्ययनका क्रममा संकलित तथ्याङ्कहरूलाई उद्देश्यका आधारमा वर्गीकरण गरी विभिन्न तालिकाहरूमा प्रस्तुत गरिएकोछ ।

अध्ययनलाई मोरङ जिल्लामा पूर्व विशेष स्रोत कक्षा हाल समाहित शिक्षमा रुपान्तरित सातवटा विद्यालयहरूका १२ वटा स्रोत केन्द्रहरू मध्ये तीनवटा विद्यालयहरूमा सिमित गरिएको छ। अध्ययनको सैद्धान्तिक खाका अन्तरगत कार्लमार्क्सको वर्ग संघर्ष र अन्तरविरोधको सिद्धान्त इल्टन माओको मानव सम्बन्ध विकासको सिद्धान्तलाई आवद्ध गरी अध्ययनलाई अगाडि बढाइएको छ भने सम्बन्धित साहित्यको पुनरावलोकनको रुपमा शिक्षा विभागद्वारा प्रकाशन गरिएको शिक्षाको शैक्षिक पत्रिका शिक्षा विभागद्वारा अनुसन्धान गरिएका सम्बन्धित लेख रचनाहरू, पत्रपत्रिका, पुस्तक, शोधपत्र, नेपाल राजपत्र, संविधान, बालअधिकार, गाष्ठीका प्रतिवेदनहरू आदिको अध्ययन तथा विश्लेषण गरिएको छ। अधययन **समाहित शिक्षा कार्यक्रमको प्रभावकारिता** व्यवस्थापनको गुणात्मक र परिमाणात्मक दुवै पक्षमा केन्द्रित छ।

अध्ययनको व्याख्या विश्लेषणबाट प्राप्त नतिजा अनुसार समाहित शिक्षा सम्बन्धमा सरकारी क्षेत्रबाट संचालित छात्रवृति कार्यक्रम, छात्रा छात्रवृति कार्यक्रम, अपाङ्गका लागि संचालित शैक्षिक कार्यक्रमले यो क्षेत्रका लक्षित विद्यार्थीहरू दलित, सुस्त श्रवण, वौद्धिक अपाङ्ग र जनजातीहरूलाई प्रत्यक्ष सकारात्मक प्रभाव पारेको पाइयो। शोध कार्य संचालन गरेका विद्यालयहरूमा र्‍याम नहुन, शौचालय, खानेपानीको सुविधा कम हुन, शैक्षिक सामग्री न्यून हुनु, समाहित शिक्षाको मर्म अनुसार पठनपाठन नहुनु, अभिभावकहरूलाई समाहित शिक्षाको बारेमा जानकारी कम हुनु, प्र.अ.ले समाहित शिक्षाको मर्म अनुरुपको व्यवस्थापनमा कम ध्यान

पुऱ्याउनु, तालिमप्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षक बीच ज्ञान आदान प्रदानको अन्तरक्रिया नहुनु। विद्यालय व्यवस्थापनले आर्थिक स्रोतको खोजी गरी मानवीय स्रोतलाई परिचालन तर्फ ध्यान नपुऱ्याउनु। अपाङ्ग बाालबालिकाहरूप्रति थप भौतिक र मानवीय सेवा सुविधाहरू कम हुनु, समाहित शिक्षा कार्यक्रमको बाधाको रुपमा रहेका छन् । यस अध्ययनले समाहित शिक्षाको प्रभावकारितामा वृद्धि गर्न सरकारी स्तरदेखि घर परिवार, विद्यालय तह साथै सम्पूर्ण तहमा जनचेतना वृद्धि गर्नुपर्ने विद्यालय सुधारको लागि विद्यालय व्यवस्थापनले आर्थिक स्रोत जुटाउन, पढाई संचालन गर्न निर्देशन दिने, शैक्षिक सामग्री जुटाईदिने, वैयक्तिक विभिन्नतालाई पहिचान गरी शिक्षण गर्ने र विषयवस्तु अनुसार बसाई अवस्था परिवर्तन गर्नु पर्ने, खेलकुद लगायत विभिन्न, प्रतियागितामा अपाङ्ग, दलित छात्रा, जनजाती, सडक बालबालिका गरिब बालबालिका, द्वन्द्व पीडित सबैलाई समाहित हुने किसिमबाट त्यस्ता कार्यक्रमहरू संचालन गर्नुपुर्ने, भौतिक संरचना निर्माण  गर्दा अपाङ्ग मैत्रीको मापदण्ड अनुसार निर्माण गर्नुपर्ने सम्पूण विद्यार्थीहरू समावेस हुने किसिमका गाष्ठीहरू संचालन गर्नुपर्ने जस्ता कुराहरूलाई सिफारिस गर्दै समाहित शिक्षाबाट समवेशी समाजको निर्माण हुने कुरामा यो अनुसन्धान केन्द्रित रहेकोछ ।

# संक्षिप्त शब्दरुप

| | | |
|---|---|---|
| प्र.अ. | : | प्रधान अध्यापक |
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| जि.शि.का. | : | जिल्ला शिक्षा कार्यालय |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| शि.अ.स. | : | शिक्षाक अभिभावक संघ |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| प्रा.वि. | : | प्राथकिम विद्यालय |

# विषय सूची

## पचिच्छेद एक : परिचय


१.१ अध्ययनको पृष्ठभूमि १
१.२ समस्याको कथन ५
१.३ अध्ययनकोऔचित्य ६
१.४ अध्ययनको उद्देश्य ७
१.५ अनुसन्धानात्मक प्रश्नहरू ७
१.६ अध्ययनको परिसीमा ८
१.७ सान्दर्भिक शब्दावलीको परिभाषा ८


## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका


२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १०
२.२ अध्ययनको सैद्धान्तिक खाका १४
२.३ शैक्षिक उपादेयता १६


## परिच्छेद तीन : अध्ययन विधी


३.१ अनुसन्धानात्मक ढाँचा १९
३.२ जनसंख्या १९
३.३ नमुनाको छनौट प्रकृया तथा विधी २०
३.४ नमुना छनौट आधार २०
३.५ अनुसन्धानका साधन २०
३.६ तथ्याङ्कका स्रोतहरू २१
३.६.१ प्राथमिक तथ्याङ्क २१
३.६.२ द्वितीय तथ्याङ्क २१
३.७ तथ्याङ्क संकलन प्रकृया २१
३.८ तथ्याङ्क विश्लेषण प्रकृया २२


## परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या


४.१ समाहित शिक्षा कार्यक्रमले लक्षित समूहलाई परेको प्रभाव २३
४.१.१ लक्षित समुहको समाबेसी अवस्था २४
४.१.२ दलित छात्रवृति कार्यक्रमको प्रभावकारिता २५
४.१.३ छात्रा छात्रवृति कार्यक्रमको प्रभावकारिता २५
४.१.४ अपाङ्ग बालबालिकाहरूका लागि शैक्षिक कार्यक्रमको प्रभावकरिता २६
४.२ समाहित शिक्षा कार्यक्रमको प्रयोगको अवस्था २७

४.२.१ भौतिक स्रोत साधन २७
४.२.२ आर्थिक सहयोग २८
४.२.३ प्राविधिक सहयोग २९
४.२.४ अतिरिक्त कृयाकलाप संचालन ३०
४.२.५ विद्यार्थीद्वारा निर्मित सामग्री प्रदर्शन ३०
४.२.६ बाल केन्द्रित शिक्षण सिकाई ३०
४.२.७ शिक्षकद्वारा निर्मित सामग्री ३१
४.२.८ अभिभावकको संलग्नता ३१
४.२.९ नियमित लेखाजोखा ३१
४.३ समाहित शिक्षामा व्यवस्थापन ३२
४.३.१ समाहित शिक्षामा भौतिक पक्षको व्यवस्थापन ३३
४.३.२ मानवीय स्रोतको यवस्थापन ३४
४.४ समाहित शिक्षा कार्यक्रमका बाधाहरू ३५
४.४.१ अपाङ्ग भएका बालबालिकाहरू र विद्यालय भर्नामा आउने अवरोधहरू ३७
४.५ समाहित शिक्षाको प्रभावकारिता सम्बन्धमा सरोकारवालाहरूको प्रतिक्रिया ३८
४.६ समाहित शिक्षाको प्रभावकारिता सम्बन्धमा विद्यालयले अघिसारेका प्रयासहरू ३९
४.७ समाहित शिक्षा कार्यक्रमको प्रभावकारितामा सुधार ल्याउने उपाएहरू ४०

## परिच्छेद पाँच : प्राप्ती, निष्कर्ष र सुझाव

५.१ प्राप्ती ४२
५.२ निष्कर्ष ४५
५.३ सुझावहरू ४७

सन्दर्भग्रन्थ

अनुसूचीहरू